नेपाल टेलिकम
पदपूर्ति समितिको सचिवालय
अनलाइन फाराम भर्ने कार्यविधि २०८३

(पदपूर्ति सम्बन्धी अनलाइन कार्यविधि, २०८० को कार्यविधि-४ सँग सम्बन्धित)

१. अनलाइन (Online) दरखास्त भर्ने तरिका र ध्यान दिनुपर्ने कुराहरू :

(क) प्रयोगकर्ता खाता (User Account) :

i. Registration:
UserID मा आफ्नो नाम वा संकेत प्रयोग गर्नुहोस्। (UserID English मा बनाउनुपर्छ)
Password: आफुले सम्झिने किसिमको पासवर्ड राख्नुहोस्।

आफ्नो User Account र Password आफुले मात्र प्रयोग गर्नुहोस्।

ii. आवेदन फारम भर्दा आफ्नै नामको (आफैंले खोल्ने) इमेल ठेगाना (Email ID) र आफ्नै नाममा दर्ता भएको वा आफैंले प्रयोग गर्ने मोवाइल नम्बर प्रयोग गर्नुहोस्। परीक्षा सम्बन्धी सूचनाहरू आवेदकको इमेल ठेगाना (Email ID) र/वा मोवाइल नम्बरमा पठाइने छ।

iii. Registration गरे पश्चात् System बाट आवेदकले दर्ता गर्दाका बखत उल्लेख गरेको इमेल ठेगानामा मा Activation को लागि Link प्राप्त हुनेछ, आवेदकले उक्त Link मा Activation गरेपछि Registration गर्दा राखेको Email लाई user Id को रूपमा र बनाएको Password लाई Password को रूपमा प्रयोग गरी Log In गर्न सकिनेछ।

iv. यस अघिका विज्ञापनमा recruit.ntc.net.np मार्फत् आवेदन दिएका आवेदकले पहिलेकै user Id र Password प्रयोग गर्न सक्नुहुनेछ।

v. User ID वा Password बिर्सेमा Forgot Password मा क्लीक गरी गई Reset गर्न सकिनेछ। यसरी रिसेट गरेको विवरण तपाईँको इमेलमा प्राप्त हुनेछ।

(ख) अनलाइन आवेदनका लागि प्रोफाइल विवरण भर्ने (Create/Update Profile for Online Application):

i. अनलाइन आवेदन गर्नका लागि सिधै recruit.ntc.net.np वा यस कम्पनीको website www.ntc.net.np को Career भित्र रहेको Apply vacancy online मा गई Log In गर्नुपर्छ।

ii. सिस्टममा लग इन भैसकेपछि आफ्नो व्यक्तिगत विवरण (Profile Entry) मा क्लिक गरी क्रमशः Profile, Family Details, Education,Training, Experience, Council तथा Privilege Group मा गई आवेदन गर्ने पदको लागि माग बमोजिमका आवश्यक विवरणहरू Entry गर्नु

पर्दछ। प्रत्येक खण्डको विवरण भरिसकेपछि ती विवरणका साथ सम्बन्धित कागजातको स्क्यान कपी Documents Upload गरी Save गर्दै जाने।

iii. आन्तरिक प्रतियोगितात्मक प्रतियोगिताको लागि आवेदन गर्ने कम्पनीका स्थायी कर्मचारीहरूले आफ्नो Profile मा NT Staff छनोट गरी Emloyee Id Type गरेपछि खुल्ने Service History Tab मा गई विज्ञापन गरिएको पदको लागि आवश्यक जानकारी प्रविष्टि (Entry) गर्नुका साथै Documents Upload गर्नुपर्नेछ। तर खुलातर्फ मात्र आवेदन गर्ने आवेदकले Service History मा Entry गर्नु पर्दैन।

iv. Upload गरिने Document तथा फोटोको Size 100 KB भन्दा कम वा 200KB भन्दा बढी हुनु हुँदैन। नेपालीमा नाम Type गर्दा Unicode मात्र प्रयोग गर्नुपर्नेछ।

v. हालसालै खिचिएको तथा मुखाकृति प्रष्ट देखिने Passport Size को फोटो अपलोड गर्नुपर्नेछ।

पासपोर्ट बाहेक अरू किसिमको प्रोफाइल फोटो अपलोड गरेमा आवेदन अस्वीकृत हुन सक्नेछ।

(ग) फोटोको साइज मिलाउने तरिका

फोटोमा right click गरी open with Option मा क्लिक गरी Microsoft Office Picture Manager छान्ने। त्यस application मा फोटो खुलेपछि Picture मेनुबाट Resize गरेपछि दायाँ तिर Original को कति प्रतिशत सानो बनाउने भन्ने छान्न सकिन्छ। त्यसबाट आफ्नो आवश्यकता अनुसार Image को साइज घटाउन सकिन्छ।

२. खुला तथा समावेशी प्रतियोगितात्मक विज्ञापनमा कसरी फर्म भर्ने?

i. नेपाल टेलिकमको website: https://www.ntc.net.np/post/vacancy वा सिधै http://recruit.ntc.net.np टाईप गरी log in पेज खोल्ने।

ii. Register मा click गरी आफ्नो आधिकारिक इमेल ठेगाना राखी तोकिए बमोजिमको प्रयोगकर्ता खाता (User ID) र Password बनाउनुहोस। यस पश्चात तपाइको मोबाईलमा SMS वा इमेलमा OTP कोड प्राप्त हुनेछ।

iii. सिस्टमबाट प्राप्त कोड प्रविष्टी (Entry) गरे पश्चात log in पेज खुल्ने छ। अब तपाईंको Credentials (User ID र Password) बन्छ। तपाईंको User ID तपाईंको पूरा इमेल ठेगाना (उदाहरणको रूपमा example@ntc.net.np) हो। Login पेज खुलिसकेपछि User ID र हालै बनाएको Password लाई Password को रूपमा प्रयोग गरी log in गरेर profile मा जाने।

द्रष्टव्यः इमेल ठेगाना र मोवाइल नम्बर आफ्नै प्रयोग गर्नुहोस्। अर्काको इमेल वा मोवाइल नम्बर प्रयोग गरेर पछि Password Reset आदि गर्न सकिँदैन र Registration गर्दाको इमेल मोवाइल नम्बर परिवर्तन पनि गर्न सकिँदैन।

iv. Profile Entry मा click गरी क्रमशः Profile, Family details, Education अनिवार्य रूपमा भर्ने।

v. व्यावसायिक परिषद् (इन्जिनियरिङ काउन्सिल, चार्टर्ड एकाउन्टेन्ट संस्था) आदिको सम्बद्धता आवश्यक पर्ने पदको हकमा सो सम्बन्धी प्रमाणपत्र अनिवार्य रूपमा अपलोड गर्ने।

vi. तालिम, अनुभवको प्रमाणपत्र आदि आवश्यक पर्ने पदमा आवेदन गर्ने आवेदकले मात्र सो सम्बन्धी प्रमाणपत्रहरू अपलोड गर्ने।

vii. महिला बाहेक अरू सबै समावेशी समूहमा आवेदन दिने आवेदकले Privilege Group मा गई समूहको माग बमोजिम आवश्यक विवरणहरू Entry र Documents Upload गरी Save गर्ने।

viii. समावेशी समूह (Privilege group) अन्तर्गत नेपाल आदिबासी/जनजाति तथा दलित आयोगबाट सूचिकृत भएको जति/थर को हकमा आवेदकले रजिस्ट्रेसन नं. मा नागरिकता नम्बर र Privilege certificate मा नागरिकताको Scan Copy upload गर्नुहोला।

ix. एक भन्दा बढी शैक्षिक योग्यता Entry गर्दा प्रत्येक पटक add click गर्दै विवरण भरेपछि save गर्ने र पुनः add गरी अपलोड गर्ने।

x. शैक्षिक योग्यता Entry गर्दा सूचनामा उल्लेख भए बमोजिमको पदको योग्यता अनिवार्य Entry गर्ने।

xi. Profile मा अपाङ्गता समूह आवेदन दिनेले अनिवार्य रूपमा समावेशी समूह (Privilege group) मा गई अपाङ्गता सम्बन्धी कागजात upload गर्ने।

xii. Profile Entry भर्ने कार्य समाप्त भए पश्चात फर्म भर्नको लागि Vacancy Post मा गई आफुले चाहेको र योग्यताले पाउने Post Select गरी आवेदन (Apply) गर्ने। यसरी Apply गर्दा कुनै सूचना नमिलेमा SYSTEM ले Messege पठाउने छ। Messege मा उल्लेखित बिषय बमोजिम Profile मा आफ्ना सूचना मिलाएर पुनः Apply गर्नु होला।

xiii. Apply गरे पश्चात खुल्ने पेजमा Payment बटनमा क्लिक गरी आफुले चाहेको वालेट वा अनलाइन भुक्तानी सेवा प्रदायक बाट परीक्षा शुल्क तिर्ने।

xiv. Apply गरे पश्चात तुरुन्तै शुल्क भुक्तानी नगरी अर्को कुनै दिन गर्ने हो भने log in गरी Applied Vacancy मा गई जुन पदको शुल्क भुक्तानी गर्ने हो त्यो पदको दाँयातर्फको Pay बटनमा क्लिक गरी Payment option मा गई माथि उल्लेख भए बमोजिम भुक्तानी गर्ने।

३. नेपाल टेलिकमका कर्मचारीहरूले आन्तरिक प्रतियोगितातर्फ फाराम भर्ने विधि

i. कम्पनीमा कार्यरत कर्मचारीहरूले खुला तथा समावेशीमा फर्म भर्दा माथि उल्लेखित गरिए बमोजिम नै गर्ने।

ii. आन्तरिक प्रतियोगितातर्फ फर्म भर्ने कर्मचारीले Profile मा NT Staff हो ? भन्नेमा हो मा ठीक (Tick) लगाई आफ्नो कर्मचारी नम्बर अनिवार्य राख्नु पर्ने छ। यसो गर्दा Service History भन्ने menu थप हुनेछ।

iii. आन्तरिक प्रतियोगितातर्फ आवेदन गर्ने कर्मचारीले Service History मा देहायका विवरणहरू प्रष्टसँग उल्लेख गर्नुपर्दछ।

Working office: हाल कार्यरत कार्यालय

Desination: कार्यरत पदको नाम

Work level: कार्यरत पदको तह

Service Type: जस्तै प्राविधिक / प्रशासन

Service Group: जस्तै टेलिकम / लेखा / प्रशासन / प्राविधिक /सिभिल

Service Sub-group: जस्तै टेलिकम / लेखा / प्रशासन / प्राविधिक / सिभिल

हाल कार्यरत पदमा नियुक्ति मितिः

हालको पदमा कार्यरत कार्यालयहरूको कार्यरत अवधि (सुरु हाजिर मितिः रमाना मितिः)

iv. आन्तरिक प्रतियोगितामा फर्म भर्न Service History मा हाल कार्यरत कार्यालय उल्लेख भएकै हुनपर्छ र जेष्ठता मिति (Seniority Date) भरेको हुनुपर्छ, अन्यथा Vacancy Apply गर्न खोज्दा Post नै देखिन्न र Apply गर्न मिल्दैन। त्यसैले Service History भरिसके पछि एकचोटी Logout गरी पुनः login गर्नुपर्नेछ।

v. आफुले Service History भरिसकेपछि विवरण राम्ररी जाँच गरेर मात्र आवेदन गर्नुपर्नेछ।

(द्रष्टव्य : कर्मचारीहरूले Service History मा हाल आफु कार्यरत भएको हालको पद र तहको मात्र मागेको विवरण भर्ने जस्तैः तह ८ मा कार्यरत कर्मचारीले तह ९ को आन्तरिक प्रतियोगिता र बढुवामा फर्म भर्दा तह ८ को विवरण भर्ने, यसै गरी आफुले आवेदन गर्न चाहेको पद तथा आवेदन गर्न पाउने पद, बिज्ञापन नम्बर एकिन गरी मात्र फाराम भर्नुपर्नेछ।)

vi. जेष्ठता मिति (Seniority Date) अनिवार्य भर्नुपर्नेछ र नियुक्ति पत्रको Scan कपि अनिवार्य upload गर्नुपर्नेछ।

vii. हालको तहमा एउटा मात्र कार्यालयमा कार्यरत कर्मचारीले आन्तरिक प्रतियोगिताको आवेदन गर्दा आन्तरिक प्रतियोगिताको भन्दा थप विवरण भरिरहनु पर्दैन।

viii. हालको तहमा एक भन्दा बढी कार्यालयमा काम गर्नुहुने कर्मचारीहरूले Service History मा Add गर्दै थप कार्यालयको नाम चयन गरी आवश्यक विवरण भर्दै जानु पर्दछ। सरुवा भै अर्को कार्यालयमा हाजिर हुन जान दिएको रमाना पत्रको स्क्यान प्रतिलाई रमाना पत्रमा Upload गर्नुपर्ने छ।

ix. प्राविधिक समूह तह २ बाट तह ३ र तह ३ बाट तह ४, टेक्निसियन पदको आन्तरिक प्रतियोगितामा फर्म भर्न Profile को Training खण्डमा तह २ का कर्मचारीले CTEVT Skill Test level - 1 र तह ३ का कर्मचारीले Training मा CTEVT Skill Test level-2 रोज्ने साथै दुवै कर्मचारीले Certificate मा नियुक्ति पत्रको Scan Copy Upload गर्ने।

x. Profile को Leave Details मा गयल कट्टी परेको, अध्ययन बिदा तथा असाधारण बिदामा बसेको कर्मचारीहरूले मात्र भर्ने।

द्रष्टब्य :

Scan फोटोको साइज २०० kb भन्दा बढी भै upload हुन नसकेमा उक्त फोटोको साइज घटाएर अपलोड गर्नुपर्छ।

यसरी साइज घटाउँदा १५० kb भन्दा सानो साइज हुनेगरी घटाउनु हुँदैन। अर्थात् तस्वीरको साइज A4 Size को पेपरमा Print गर्दा प्रष्टसँग पढ्न सकिने हुनुपर्छ।

पदपूर्ति सचिवालय

टेलिफोन नं. ०१४२१०४१५, ०१४२१०४१६, ०१४२१०४७३, ०१४२१०४६२

सचिवालयका समसामयिक सूचनाहरू १६१८०१४२१०४१६ डायल गरी सुन्न सकिनेछ

अनलाइन प्रणाली वा आवेदन दर्ता सम्बन्धमा समस्या भएमा vacancy.support@ntc.net.np

समस्याको छोटकरी विवरण र user ले दर्ता गरेको मोवाइल नम्बर उल्लेख गरी इमेल गर्नुहोस्।

भुक्तानी सम्बन्धी कुनै समस्या भएमा vacancy.payments@ntc.net.np

समस्याको छोटकरी विवरण, आवेदकको विवरण, आवेदन गरेको पद, परीक्षाशुल्क भुक्तानी गरेको Online Payment Service को नाम, Transaction Code र भुक्तानी रसीद भएमा सो समेत संलग्न गरी पठाउनुहोस्।